# *19th January 2026*

*आकाशवाणी*

*मुख्य समाचार*

1. *संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाहह्यान भारत भ्रमणको क्रममा आज साँझ नयाँ दिल्ली आइपुग्नु भएको छ। उहाले प्रधानमन्त्री नरेन्द्र मोदी सित पारस्परिक हितका मुद्दाहरु बारे कुराकानी गर्नुभएको*

*2. विदेशमन्त्री डा. एस जयशंकरले आज पोल्याण्डका उपप्रधानमन्त्री तथा विदेशमन्त्री रादोस्लाव सिकोस्कीसँगको भेटले द्विपक्षीय सम्बन्ध र विश्वव्यापी विकासमा खुला कुराकानी गर्ने अवसर प्रदान गरेको बताउनु भएको छ।*

*3. कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले विकसित भारत जी राम जी ऐनमा कांग्रेस पार्टीले देशका जनतालाई भ्रमित गरेको आरोप लगाउनु भएको छ। उहाले भन्नुभयो, ऐनले प्रत्येक ग्रामीण घरपरिवारलाई पहिलेको 100 दिनको रोजगारीबाट कम्तिमा 125 दिनको ज्याला रोजगारीको ग्यारेन्टी दिन्छ।*

*4. भारतीय जनता पार्टीको राष्ट्रिय अध्यक्ष पदको चुनावका लागि भाजपाका कार्यवाहक अध्यक्ष नितिन नबीनले आफ्नो नामांकन दर्ता गर्नुभएको छ। र*

*5. महिला प्रिमियर लिगमा, गुजरात जायन्ट्सले आज रोयल च्यालेन्जर्स बेंगलुरुको सामना गर्नेछ। खेल वडोदराको बीसीए स्टेडियममा केहि बेरमा शुरु हुनेछ।*

*गणतन्त्र दिवस-विशेष अतिथिहरू*

रक्षा मन्त्रालयले यस वर्ष नयाँ दिल्लीको कर्तव्य पथमा 77औं गणतन्त्र दिवस परेड हेर्न लगभग 10 हजार विशेष छ। अतिथिहरूलाई आमन्त्रित गरिएको बताएको अतिथिहरूमा आय र रोजगारी सिर्जनामा उदाहरणीय काम गर्नेहरू, उत्कृष्ट नवप्रवर्तकहरू, स्टार्ट-अपहरू, स्वयं

सहायता समूहहरू र विभिन्न सरकारी पहलहरू अन्तर्गत उत्कृष्ट प्रदर्शनकर्ताहरू समावेश छन् ।

राष्ट्रिय महत्वका कार्यक्रमहरूमा राष्ट्र निर्माणमा उनीहरूको योगदानलाई सम्मान गर्ने र जनभागीदारी बढाउने उद्देश्यले अतिथिहरुलाई आमन्त्रित गरिएको मन्त्रालयले जनाएको छ।

विशेष अतिथिहरूमा विश्व एथलेटिक पारा च्याम्पियनशिपका विजेताहरू, पीएम स्माइल योजना अन्तर्गत पुनर्स्थापित ट्रान्सजेन्डर र भिखारीहरू, प्राकृतिक खेती गर्ने किसानहरू लगायत समावेश छन्।

---

## *अनिवार्य घोषणा-सार्वजनिक बोल्नुहोस्*

आकाशवाणीको समाचार सेवा प्रभाग ले, आज राति 9:30 बजे द्विभाषी प्रत्यक्ष फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा, केन्द्रीय भविष्य निधि आयुक्त (CPFC) रमेश कृष्णमूर्तिसँग 'कर्मचारी भर्ना योजनाः सबैका लागि सामाजिक सुरक्षाको मार्ग प्रशस्त गर्ने' विषयमा गहन चर्चा प्रस्तुत गर्नेछ। कार्यक्रमको क्रममा, श्रोताहरूले विशेषज्ञ हरुसित कर्मचारी नामांकन, सामाजिक सुरक्षा लाभ, भविष्य निधि अंशदान र कर्मचारी नामांकन योजनासँग सम्बन्धित प्रश्नहरू सोध्न सक्छन्। भाग लिनको लागि, आज राति 9:30 बजेदेखि - 0 011-23310481, 011-23717117, 011- 237171063011-23314444 मा फोन गरि प्रश्नहरु सोध्न सक्नु हुन्छ। वैकल्पिक रूपमा, तपाईंले आफ्ना प्रश्नहरू व्हाट्सएप मार्फत 928909-4044 नम्बरमा पठाउन सक्नुहुन्छ वा हैशटैग आस्क-ए.आई.आर. प्रयोग गरेर 'X' मा आफ्ना प्रश्नहरू पोस्ट गर्न सक्नुहुन्छ ।

---

## *प्रधानमन्त्री - एन डी आर एफ स्थापना दिवस*

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रीय आपदा मोचन बल - एन डी आर एफ को स्थापना दिवसको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ। सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो, संकटको क्षणमा व्यावसायिकता र संकल्प अचूक रहने पुरुष र महिलाहरू को देशले गहिरो प्रशंसा गर्दछ। प्रधानमन्त्रीले थप्नुभयो कि कुनै पनि आपदा आएको खण्डमा स, एनडीआरएफका कर्मचारीहरूले जीवनको रक्षा गर्न, राहत प्रदान गर्न र सबैभन्दा चुनौतीपूर्ण परिस्थितिमा आशा पुनर्स्थापित गर्न अथक प्रयास गर्छन् । श्री मोदीले था भन्नुभयो एनडीआरएफका कर्मचारीहरूको सीप र कर्तव्यको भावनाले सेवाको उच्चतम स्तरको उदाहरण प्रस्तुत गर्छ।

---

*महिला क्रिकेट*

महिला प्रिमियर लिगमा, गुजरात जायन्ट्सले आज रोयल च्यालेन्जर्स बेंगलुरुको सामना गर्नेछ। खेल वडोदराको बीसीए स्टेडियममा केहि बेरमा शुरु हुनेछ।

---

*नेपाल-उपराष्ट्रपति*

नेपालका उपराष्ट्रपति रामसहाय प्रसाद यादवले पर्याप्त ऊर्जा बिना देशको विकास सम्भव नभएको भन्नु भएकोछ, किनकि ऊर्जा आत्मनिर्भरता आर्थिक स्वतन्त्रता र राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष रूपमा जोडिएको छ। 26 औं स्वतन्त्र ऊर्जा उत्पादक संघ नेपाल दिवसको अवसरमा उपराष्ट्रपति यादवले सस्तो र पर्याप्त ऊर्जाको उपलब्धताले उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि र अन्य क्षेत्रहरूमा द्रुत विकास सुनिश्चित गर्ने, रोजगारीका अवसरहरू सिर्जना गर्ने र आर्थिक समृद्धिलाई प्रवर्धन गर्ने बताउनु भयो।

नेपाल जलविद्युत र नवीकरणीय ऊर्जा स्रोतहरूमा धनी रहेको कुरामा जोड दिँदै उहाले यी अमूल्य सम्पत्तिहरूको उपयोग गरेर देशले ऊर्जा आयातमा आफ्नो निर्भरता घटाउनुपर्ने भन्नुभयो। नवीकरणीय ऊर्जामा लगानी बढाएर र भारत र बंगलादेश लगायत छिमेकी देशहरूमा बिजुली निर्यात गरेर नेपालले क्षेत्रीय ऊर्जा व्यापारमा अग्रणी भूमिका खेल्ने सम्भावना रहेको श्री यादवले भन्नुभयो।

---

*जयशंकर पोल्याण्ड*

विदेशमन्त्री डा. एस जयशंकरले पोल्याण्डले आतंकवादप्रति शून्य सहनशीलता देखाउनुपर्ने र भारतको छिमेकमा आतंकवादी पूर्वाधारलाई सहयोग न गर्नुपर्ने भन्नुभएको छ ।

डा. जयशंकरले उल्लेख गर्नुभयो कि हालैका दिनहरूमा, न्यूयोर्क र पेरिस दुवै ठाउँमा, उहाले युक्रेन द्वन्द्व र यसको प्रभावबारे भारतको विचार साझा गर्नु भएको थियो । मन्त्रीत्व महोदयले भन्नुभयो, भारतले बारम्बार जोड दिएको छ कि भारतलाई जानी जानी निशाना बनाउनु अनुचित र अन्यायपूर्ण दुवै हो।

यस अघि विदेशमन्त्री डा. एस जयशंकरले आज पोल्याण्डका उपप्रधानमन्त्री विदेशमन्त्री तथा रादोस्लाव सिकोरुकीसँगको भेटले द्विपक्षीय सम्बन्ध र विश्वव्यापी विकासमा खुला कुराकानी गर्ने अवसर प्रदान गरेको बताउनु भयो। सामाजिक सञ्जाल पोस्टमा डा. जयशंकरले भन्नुभयो कि उहाहरुले दुवै देशको आर्थिक, प्रविधि, रक्षा, खानी र बहुपक्षीय सहयोगबारे छलफल गर्नुभयो । श्री जयशंकरले भारत-युरोपेली संघ सम्बन्धलाई बलियो बनाउन पोल्याण्डको समर्थनको पनि प्रशंसा गर्नुभयो ।

---

## *बीजेपी-राष्ट्रपति चुनाव*

भारतीय जनता पार्टीको राष्ट्रिय अध्यक्ष पदको चुनावका लागि भाजपाका कार्यवाहक अध्यक्ष नितिन नबीनले आफ्नो नामांकन दर्ता गर्नुभएको छ। भाजपाका राष्ट्रिय अध्यक्ष जेपी नड्डा, केन्द्रीय मन्त्री अमित शाह, राजनाथ सिंह, नितिन गडकरी र भाजपाको संसदीय दल बोर्डका अन्य सदस्यहरूले राष्ट्रिय अध्यक्ष पदका लागि नितिन नबीनको नाम प्रस्ताव गरेका थिए।

---

## *युएई राष्ट्रपति - भारत*

संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यान आज साँझ नयाँ दिल्ली आइपुगेका छन्। युएईको राष्ट्रपतिको पदभार ग्रहण गरेपछि यो उहाको भारतको तेस्रो आधिकारिक भ्रमण र विगत एक दशकमा पाँचौं भारत भ्रमण हो। विमानस्थलमा आइपुग्दा प्रधानमन्त्री नरेन्द्र मोदीले उहाको स्वागत गर्नु भएको थियो। संयुक्त अरब इमिरेट्सका राष्ट्रपतिले मोदीको नयाँ दिल्लीस्थित उहालाई निवासमा भेट्ने कार्यक्रम छ।

यो भ्रमणले दुई नेताहरूलाई भारत-युएई व्यापक रणनीतिक साझेदारीलाई अगाडि बढाउने र पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा विचार आदानप्रदान गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।

---

## *चौहान - जी राम जी*

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले विकसित भारत जी राम जी ऐनमा कांग्रेस पार्टीले देशका जनतालाई भ्रमित गरेको आरोप लगाउनु भएको छ। आज नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री चौहानले भन्नुभयो, मनरेगा अन्तर्गत कांग्रेसले दिएको अधिकार केवल कागजमा मात्र थियो। उहाले भन्नुभयो, ऐनले प्रत्येक ग्रामीण घरपरिवारलाई पहिलेको 100 दिनको रोजगारीबाट कम्तिमा 125 दिनको ज्याला रोजगारीको ग्यारेन्टी दिन्छ। मन्त्रीले भने, मनरेगा अन्तर्गत दश करोड सम्पत्ति सिर्जना गरिएको थियो, जसमध्ये 8.5 करोड प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सिर्जना गरिएको छ। श्री चौहानले भने कि मोदी सरकारको नेतृत्वमा २५ करोड मानिसहरू गरिबीबाट बाहिर निस्किएका छन्।

मन्त्रीले भन्नुभयो, विकसित भारत जी राम जी ऐनमा एससी, एसटी, महिला, अपाङ्गता भएका र गरिबहरूलाई प्राथमिकता दिइएको छ । श्री चौहानले तोकिएको समय भित्र काम उपलब्ध नभएमा नयाँ ऐनमा बेरोजगारी भत्ताको प्रावधान रहेको कुरा पनि प्रकाश पार्नुभयो।

---